# प्रदेश राजपत्र

बागमती प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ८) हेटौंडा, नेपाल, जेठ ०२ गते, २०८१ साल (अतिरिक्ताङ्क ०४

## भाग ३

बागमती प्रदेश सरकार

## मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

हेटौंडा, नेपालको

## सूचना

बागमती प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०८१।०२।०२ गतेको निर्णयानुसार बागमती प्रदेश (कार्य विभाजन) नियमावली, २०८० को नियम ७ ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकारले नियमावलीको अनुसूचीहरुमा देहायबमोजिम हेरफेर गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

१. **<u>अनुसूची- १ मा संशोधनः</u>** अनुसूची-१ को क्र.सं १२ पछि देहायको क्र.सं. १३ थप गरिएको छः-

| | |
|---|---|
| १३. | युवा तथा खेलकुद मन्त्रालय |

२. **अनुसूची-२ मा संशोधन,-**

(क) खण्ड ११ को सट्टा देहायको खण्ड ११ राखिएको छः-

११. सामाजिक विकास मन्त्रालय

| **सि.नं.** | **कार्य जिम्मेवारीहरू** |
|---|---|
| १. | प्रदेशस्तरको विश्वविद्यालय तथा उच्च शिक्षा सम्बन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन |
| २. | शैक्षिक परामर्श सेवाको मापदण्ड निर्धारण, अनुमति तथा नियमन |
| ३. | प्रदेशस्तरमा पुस्तकालय, अभिलेखालय सम्बन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन |
| ४. | प्रादेशिक शिक्षा, प्राविधिक तथा व्यवसायिक तालिम र छात्रवृत्ति सम्बन्धी नीति, कानून तथा मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन तथा पाठ्यक्रम, पाठ्यपुस्तक तथा पाठ्यसामग्री निर्माण, उत्पादन र वितरण |
| ५. | प्रदेशस्तरको मानव संसाधनको आवश्यकता प्रक्षेपण तथा शैक्षिक योजना निर्माण र कार्यान्वयन |
| ६. | प्रदेशस्तरमा विद्यालय तहको शिक्षकको सेवा शर्त, योग्यता, क्षमता र शिक्षक व्यवस्थापनको मापदण्ड निर्धारण र नियमन |
| ७. | माध्यामिक तहको परीक्षा व्यवस्थापन |
| ८. | प्रदेशस्तरमा प्राज्ञिक अनुसन्धान तथा शैक्षिक तथ्याङ्क व्यवस्थापन |
| ९. | प्रदेशस्तरको विज्ञान तथा प्रविधि सम्बन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन |
| १०. | प्रदेशस्तरमा विज्ञान तथा प्रविधिको विकास तथा विस्तार, सो सम्बन्धी तथ्याङ्क सङ्कलन, प्रशोधन र सर्वेक्षण र जनशक्ति विकास र उपयोग |

| | |
|---|---|
| ११. | विज्ञान संग्रहालय र प्लानेटोरियमको स्थापना, सञ्चालन र व्यवस्थापन |
| १२. | विज्ञान प्रविधि कोषको स्थापना र सञ्चालन, युवा वैज्ञानिक प्रोत्साहन, वैज्ञानिक अध्ययन अनुसन्धान एवं विज्ञान र प्रविधिको आविष्कार, उन्नयन र विकास |
| १३. | महिला हक सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन |
| १४. | लैङ्गिक हिंसा, मानव बेच-बिखन तथा ओसारपसार विरुद्धको नीति तथा कार्य योजना तर्जुमा र कार्यान्वयन तथा अन्तर्राष्ट्रिय सन्धि, सम्झौता र प्रतिबद्धताको कार्यान्वयन, निरोधात्मक र संरक्षणात्मक उपाय र पुनर्स्थापना |
| १५. | महिला सशक्तीकरण तथा लैङ्गिक समानता सम्बन्धी अध्ययन, अनुसन्धान |
| १६. | बालबालिकाको हकहित संरक्षण सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन, अध्ययन, अनुसन्धान, बालमैत्री शासकीय प्रबन्ध र सेवा प्रवाह, बाल उद्धार कोष व्यवस्थापन र बाल सुधार तथा पुनर्स्थापना |
| १७. | प्रदेशस्तरका लोपोन्मुख, सीमान्तकृत, गरिब ज्येष्ठ नागरिक, अपाङ्गता भएका र अशक्त व्यक्ति, बालबालिका र महिला हक हित सम्बन्धी कार्यक्रम सञ्चालन र अनुगमन तथा मूल्याङ्कन |
| १८. | सामाजिक सुरक्षा सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्डको निर्माण तथा कार्यान्वयन, कोष व्यवस्थापन, नियमन, राष्ट्रिय र प्रादेशिक निकाय तथा संघ संस्थासँग सम्पर्क, समन्वय र सहकार्य |
| १९. | समाजकल्याण र गैरसरकारी संघ संस्था सम्बन्धी कार्यहरूको अनुगमन तथा मूल्याङ्कन |
| २०. | गरिबी निवारण सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड एवम् योजनाको तर्जुमा, कार्यान्वयन र नियमन तथा अध्ययन, अनुसन्धान, सर्वेक्षण, सूचना सङ्कलन, गरिब घर परिवार पहिचान, सामाजिक सुरक्षा र संरक्षण |
| २१. | स्वरोजगार एवं रोजगारमूलक सीप विकास तालीम सञ्चालन |

(ख) खण्ड १२ पछि देहायको खण्ड १३ थप गरिएको छः-

१३. युवा तथा खेलकुद मन्त्रालय

| सि.नं. | कार्य जिम्मेवारी |
|---|---|
| १. | युवा सम्बन्धी प्रादेशिक नीति, कानून तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन |
| २. | खेलकुद सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन, |
| ३. | खेलकुद तथा खेलकुद पूर्वाधारको विकास र प्रवर्द्धन |
| ४. | खेलकुद प्रशासन र खेलकुद सम्बन्धी संघ संस्थाको समन्वय र नियमन |
| ५. | राष्ट्रिय र प्रादेशिक खेलकुद प्रतियोगिता तथा कार्यक्रम आयोजना र सहभागिता |
| ६. | युवा र खेलकुद सम्बन्धी अन्य गतिविधि |

**आज्ञाले,**
**हुमकला पाण्डे**
**प्रदेश सरकारको सचिव**



आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश, हेटौंडामा मुद्रित।
मूल्य रू. ५।-